कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- ०१

मितिः २०८२/०४/०१

विषय : आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०८२/८३ को लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालय वा अन्तर्गतका निकायबाट सम्पादन गर्नुपर्ने कार्यहरू व्यवस्थापनका लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ प्रदेशसभाबाट पारित भई मिति २०८२/०३/३१ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ र अन्तर्गतका निकायहरूमा विनियोजित रकम प्रचलित कानून र स्थापित प्रणाली बमोजिम खर्च गर्ने/गराउने, खर्चको लेखा राख्ने/राख्न लगाउने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी पूरा हुने अपेक्षा गरेको छु। यस आर्थिक वर्षमा बजेटले लिएका उद्देश्य र प्राथमिकता प्राप्तिका लागि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। बजेट कार्यान्वयन गर्दा समग्र वित्तीय अनुशासन कायम गर्दै रकम निकासा, खर्च र नियन्त्रण लगायतका वित्तीय उत्तरदायित्व कायम गर्न कर्णाली प्रदेश विनियोजन ऐन, २०८२, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को अनिवार्य रूपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १४ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System; PLMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयबाट रकम निकासा लिने र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२. अनुदान संकेत नं. ५०१ अर्थ वित्तीय व्यवस्था र ६०२ अर्थ विविध बाहेक एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी एकमुष्ट रुपमा रकम विनियोजन भएको भए त्यस्तो रकम बाँडफाँटका लागि सोको आधार तथा कारण खुलाई क्रियाकलाप सहित कार्यक्रमको विवरण र त्रैमासिक विभाजन सहित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी सम्वत् २०८२ कार्तिक मसान्तभित्र विभागीय मन्त्रीस्तरीय निर्णय गराई अध्यावधिक गर्न यस मन्त्रालयमा पठाउनु हुनेछ।

३. बुँदा नं. २ अनुसार एकमुष्ट रूपमा विनियोजित रकम २०८२ कार्तिक मसान्तभित्र बाँडफाँट नभएमा त्यस्तो रकम स्वतः समर्पण भएको मानिनेछ र त्यस्तो रकम रोक्का राखी आवश्यकता अनुसार यस मन्त्रालयले अन्य निकाय वा कार्यमा परिचालन गर्न सक्नेछ।

सचिव

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

४. नेपाल सरकारबाट प्रदेश सरकारलाई ससर्त अनुदानको रूपमा प्राप्त आयोजना वा कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा त्रुटी भइ सच्याउनुपर्ने भएमा तहाँ मन्त्रालयबाट निर्णय गरी सम्वत् २०८२ पौष मसान्तसम्ममा यस मन्त्रालयमा पेस गर्नुहुनेछ।

५. तहाँ मन्त्रालय वा निकायको बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई संशोधनको लागि यस मन्त्रालयमा सम्वत् २०८२ चैत्र मसान्तसम्ममा पेस गर्नुहुनेछ।

६. आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भइ नयाँ कार्यालयको स्थापना हुने वा मौजुदा कार्यालय एक आपसमा गाभिने भई त्यस्तो कार्यको लागि नयाँ खर्च शीर्षक र क्रियाकलाप थप, घट वा संशोधन गरी रकम व्यवस्थापन गर्नु परेमा यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

७. तहाँ मन्त्रालय वा निकायमा विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको प्रकृति वा कार्यक्षेत्र अर्को मन्त्रालय वा निकाय अन्तर्गत पर्ने भएमा सम्वन्धित मन्त्रालय वा निकायमार्फत उक्त आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी प्रदान गर्न आयोजना बैङ्क लगायतका आवश्यक प्रक्रिया पुऱ्याई यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

८. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ८ को उपदफा (१) बमोजिम तहाँ मन्त्रालय वा निकायमा रहेको आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने भएमा प्रदेश सरकारबाट निर्णय गराई अख्तियारी प्रदानको लागि सम्वत् २०८२ चैत्र मसान्तसम्म यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

९. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट सम्वत् २०८२ फागुन मसान्तसम्म पनि खरिद प्रक्रिया सुरुवात नभएमा वा बाँकि अवधिमा पनि खर्च हुन नसक्ने भएमा त्यस्तो रकम एकिन गरी सम्वत् २०८२ चैत्र १५ गतेभित्र यस मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१०. आयोजना वा कार्यक्रम सञ्चालनको लागि विनियोजित रकमको सीमाभित्र रही खरिद प्रक्रिया सुरुवात गर्नु हुनेछ। कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १० को उपदफा (४) मा विनियोजित रकम भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारवाही प्रारंभ गर्न नपाइने व्यवस्था रहेको हुँदा सो व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्नु गराउनु हुनेछ।

११. बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको स्पष्ट कार्ययोजना बनाई सम्वत् २०८२ साउन मसान्तभित्र जिम्मेवार पदाधिकारीबाट स्वीकृत गराई सोही कार्ययोजना बमोजिम वर्षभरी नै कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

१२. विगत वर्षदेखि नै सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८२/८३ मा समेत यथावत् रुपमा सञ्चालन हुने भएमा त्यस्ता कार्यक्रम सञ्चालनको लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम तर्जुमा भएका कार्यविधि, निर्देशिका, मापदण्ड बमोजिम नै कार्यान्वयन गर्नु हुनेछ।

१३. चालु आर्थिक वर्षको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कुनै नयाँ कार्यक्रम कार्यान्वयनका लागि छुट्टै कार्यविधि, निर्देशिका तथा मापदण्ड आवश्यक पर्ने भएमा कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १४ को उपदफा (२) बमोजिम सम्वत् २०८२ पौष मसान्तभित्र कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराइ कार्यान्वयनमा लैजानु हुनेछ।

१४. सार्वजनिक भवन तथा यस्तै प्रकृतिका पूर्वाधारसम्बन्धी संरचना निर्माण गर्दा कसैको निजी जग्गा समेत उपयोग गर्नुपर्ने भएमा भूमिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्ति वा भोगाधिकारको कार्य सम्पन्न भएपश्चात मात्र खरिद कार्य सुरु गर्नु हुनेछ। आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि प्रारम्भिक चरणका कार्यहरू (विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, बोलपत्र सम्बन्धी कागजात तयारी लगायतका कार्य) यथाशीघ्र सम्पन्न गर्नु पर्नेछ। विनियोजित रकमको सीमा अनुरूप आर्थिक वर्षको सुरूमा नै वार्षिक खरिद योजना वा खरिद गुरूयोजना तयार गरी सोही अनुसार खरिद कारवाही गर्नु हुनेछ। खरिद सम्झौता गर्दा निर्माण व्यवसायीको कार्यदक्षता, विगतमा सम्पन्न गरेको कामको गुणस्तर र समय, कार्यानुभव लगायतका विषय समेतलाई ध्यान दिनु हुनेछ।

१५. नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा प्रदेश सरकार, स्थानीय तहहरू लगायत सरकारी निकायले प्रचलित कानूनअनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण प्रक्रिया थालनी गर्नुहुने छैन। नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडी बढाउनु पूर्व भूमिसम्बन्धी कानूनको साथै अन्य प्रचलित कानूनको पूर्ण पालना गर्नु/गराउनु हुनेछ।

१६. प्रदेश सरकारको नीति अनुसार तहाँ मन्त्रालय वा निकायबाट प्रदान गरिने अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय तह र अन्य कुनै गैरसरकारी सङ्घ संस्थाबाट प्रदान गरिने उस्तै प्रकृतिको कार्यक्रमसँग दोहोरो नपर्ने सुनिश्चितता गरेर मात्र निकासा, खर्च तथा भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

१७. प्रदेश सरकारका सबै सार्वजनिक निकायहरूले सार्वजनिक खरिद सम्झौता अनुसार काम भए नभएको नियमित अनुगमन तथा मूल्याङ्कन गरी गराइ चालु आर्थिक वर्षभित्रै भुक्तानी हुने प्रवन्ध मिलाई अर्को आर्थिक वर्षमा दायित्व नसार्ने व्यवस्था मिलाउनु हुनेछ।

१८. राजनैतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि र निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था मिलाउनु हुनेछ। उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा निर्माण व्यावसायीमार्फत गराउन पाइने छैन। प्रदेश सरकारको नीति अनुरुप रू. ३० लाख भन्दा बढी रकम विनियोजन भएका आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरी खुला बोलपत्रको प्रक्रिया मार्फत खरिद गर्नु पर्नेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

१९. यस आर्थिक वर्षका लागि स्वीकृत भएको कुनै आयोजनाको प्रकृति र लागतको हिसाबले चालु आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने भएमा कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ मा उल्लिखित आधार र प्रक्रिया पूरा गरी बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएर मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

२०. प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजना वा कार्यक्रमको हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहनेछ। स्रोत सहमति प्रदान गरेको मितिले छ महिना वा चालु आर्थिक वर्षको जेष्ठ मसान्त मध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुनेछ। विगतमा स्रोत सहमती प्रदान गरिएका तर यस आर्थिक वर्षको बजेटमा रकम विनियोजन नगरिएका आयोजनाहरूको स्रोत सहमति खारेज हुने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु गराउनु हुनेछ।

२१. कर्णाली प्रदेश सरकारबाट बजेट विनियोजन भएका प्रदेशभित्रका आयोजना वा कार्यक्रमको कार्यान्वयनका लागि चालु आर्थिक वर्षको कार्तिक महिनाभित्र ठेक्का सम्झौता हुने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ। सो समयावधिमा खरिद प्रक्रिया अगाडि नबढेका आयोजना वा कार्यक्रममा विनियोजित रकम यस मन्त्रालयले रोक्का गर्न सक्नेछ।

२२. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरुप काम नगर्ने र कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२३. आयोजना प्रमुख लगायत अन्य कर्मचारीलाई स्पष्ट कार्यविवरण, कार्य सम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धिको अभिलेखलाई आधार बनाउनु हुनेछ।

२४. नेपाल सरकारले तोकेकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी दिनु हुने छैन।

२५. नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानमा सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न कुनै द्विविधा भएमा यस मन्त्रालय र सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नु हुनेछ र यसमा निकास भए अनुसार गर्नु हुनेछ।

सचिव

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- 09

२६. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को उपदफा (१) मा सडक र भवन पूर्वाधार आयोजनाको हकमा रु. ३० लाख र सो बाहेक अन्य आयोजनाको हकमा रु १५ लाख भन्दा कम लागत भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन नगर्ने व्यवस्था रहेको कुरा यहाँलाई विदितै छ। सो व्यवस्थाको प्रतिकुल नहुने गरी अधुरा र क्रमागत आयोजना एवम् सङ्घीय सरकारबाट ससर्त अनुदानमा हस्तान्तरित आयोजना बाहेक अन्य कुनै निर्माण सम्बन्धी नयाँ आयोजनामा उक्त सीमा भन्दा कम रकम विनियोजन भएको भए उक्त आयोजना कार्यान्वयन नगरी सोको विवरण सम्वत् २०८२ साउन १५ गतेभित्र यस मन्त्रालयमा लिखित रुपमा पेस गर्नुहुनेछ। यस प्रकारका आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रदेश सरकारबाट निर्णय भए बमोजिम हुनेछ।

(ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदनः

२७. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System; PLMBIS) मा समावेश भएको पूर्वाधार सम्वन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व प्रदेश सरकारले सञ्चालनमा ल्याएको आयोजना बैङ्क (KPPBMIS) सम्बन्धी सबै प्रक्रिया पूरा गर्नुपर्नेछ। विनियोजित रकमको सीमा भित्र रही आयोजना बैङ्कमा प्रविष्टी भएको आयोजना चालु आर्थिक वर्ष भित्रमा अध्ययन सम्पन्न गरी कार्यान्वयनमा लैजान सकिनेछ।

२८. बजेट कार्यान्वयन गर्दा क्रियाकलाप, इकाइ, रकम, आयोजनाको नाम र स्थान निश्चित गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विनियोजित बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन स्वीकृत बजेट खर्च शीर्षक र रकममा फरक नपर्ने तथा क्रियाकलापमा तात्विक रूपमा भिन्नता नहुने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको त्रुटि सच्याउनु पर्ने भएमा आवश्यक पुष्टयाई सहित सम्वत् २०८२ पौष मसान्तभित्र यस मन्त्रालयबाट क्रियाकलाप संशोधन गराई कार्यान्वयन गर्नु हुनेछ।

२९. बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४, अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०८१ लगायत अन्य सम्बन्धित प्रचलित कानूनको परिपालना गर्नु हुनेछ।

३०. वैदेशिक स्रोत तर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त गर्ने सुनिश्चितता गरेर मात्र खर्चको निर्णय गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. नेपाल सरकारले क्रियाकलापमा आधारित लेखा प्रणाली (Activity Based Accounting System) अपनाएको हुँदा एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ बमोजिम कुनै मिल्दो खर्च शीर्षकमा रकम विनियोजन भएतापनि स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप (PLMBIS) मा नभएको कुनै पनि कार्यको लागि खर्च गर्नु/गराउनु हुने छैन।

३२. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ बमोजिम पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न सकिने छैन। कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा रहेको अवस्थामा विनियोजित रकम खर्च नहुने स्पष्ट कारण र पुष्ट्याई बेगर अन्य आयोजनामा

इमेल: moeap6@gmail.com
वेबसाइट: mocap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- ०१

आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर, सुर्खेत

रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन। कुनै पनि क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भएपछि पुनः सोही क्रियाकलापमा थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन हुने छैन। कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (७) मा भएको व्यवस्था बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन प्रस्ताव गर्नु हुने छैन।

३३. बजेट विनियोजन नभएको नयाँ क्रियाकलाप वा खर्च शीर्षकमा र उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा रकमान्तर गरिने छैन। साथै चालु आर्थिक वर्षको असोज महिनासम्म र असार महिनामा रकमान्तर गर्न नपाईने व्यवस्था भएकाले तहाँ मन्त्रालय/निकायको कुनै आयोजना वा कार्यक्रममा रकमान्तर गर्न आवश्यक भएमा सोही व्यवस्था अनुकुल हुने गरी प्रस्ताव गर्नुहुनेछ।

३४. बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति भएका आयोजनामा रकमान्तरको सीमा कायम गरिएको छैन। सो बाहेक अन्य आयोजना वा क्रियाकलापमा रकमान्तर गर्नुपर्ने भएमा सुरु विनियोजन (शत प्रतिशत) भन्दा बढी नहुने गरी आवश्यकता पुष्ट्याइ सहित प्रस्ताव गर्नुहुनेछ। बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमती लिएका आयोजनामा विनियोजित रकम यस्तै प्रकृतिका आयोजनामा बाहेक अन्यत्र रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन।

३५. तहाँ मन्त्रालय वा निकायबाट लागत सहभागिताका आधारमा प्रदान गरिने जुनसुकै प्रकारका अनुदानमा दोहोरोपना नहुने गरी त्यस्तो अनुदानमा प्रदेश सरकारको अंश ५० प्रतिशत भन्दा बढी नहुने व्यवस्था मिलाउनु हुनेछ।

३६. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २१ को उपदफा (७) बमोजिम स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित रकम भन्दा ठेक्का सम्झौता रकम कम भएमा बाँकी हुने रकम अन्य कार्यमा खर्च गर्न नपाइने व्यवस्था रहेकोले चालु आर्थिक वर्षमा यस प्रकृतिको बाँकी रकमको विवरण प्रदेश लेखा इकाइ वा प्रदेश लेखा नियन्त्रक कार्यालय र विषयगत मन्त्रालयमा पेस गर्नुपर्नेछ। विषयगत मन्त्रालयले सोको एकीकृत विवरण तयार गरी यस मन्त्रालयमा पेस गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. चालु प्रशासनिक खर्चमा मितव्ययीताको नीति अनुरुप पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका खर्चमा मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। चालु आर्थिक वर्षमा यस्ता शीर्षकमा बजेट थप नगर्ने नीति रहेको हुँदा विनियोजित बजेटको सीमाभित्र रही खर्च व्यवस्थापन गरी आगामी आर्थिक वर्षमा दायित्व नसर्ने व्यवस्था मिलाउनु हुनेछ।

३८. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ कार्यालय वा दरबन्दी सिर्जना गर्दा प्रदेश सरकारमाथि थप व्ययभार पर्ने भएमा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ। कार्यालयको मौजुदा स्थायी कर्मचारीबाट काम हुन नसक्ने अवस्थामा मात्र स्वीकृत दरबन्दीभित्रका पदमा विनियोजित बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। सेवा करारको खर्च लेख्दा खर्च

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- 09

शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु हुनेछ। कार्यालयले नियमित रुपमा गर्नुपर्ने मुख्य कार्य (Core Business) सम्पादनका लागि परामर्श सेवामा कर्मचारी नियुक्ति गरी रकम भुक्तानी गर्नु हुने छैन।

३९. परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ को व्यवस्था विपरित नहुने र कार्यालयमा रहेका जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकिन गरेर मात्र परामर्श सेवा लिनु हुनेछ। कार्यालयका विद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने कामका लागि समेत बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउनु हुनेछैन।

४०. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १० को उपदफा (१) बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारको बजेटबाट निर्माण गरिने सामुदायिक भवन तथा यस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत वा निजी जग्गामा निर्माण नगर्ने व्यवस्था मिलाउनु हुनेछ। यस्ता संरचनाहरू कुनै व्यक्तिगत वा दलगत वा निजी व्यापारिक उद्देश्यले प्रयोग वा सञ्चालन गर्न पाइने छैन। यी संरचनाबाट प्राप्त हुने प्रतिफलमा सबै नागरिकको समान हिस्सेदारी हुने व्यवस्था मिलाउनु हुनेछ।

४१. प्रदेश सरकारबाट सामाजिक सुरक्षा अन्तर्गतका भत्ता तथा सेवा सुविधाका लागि विनियोजन गरेको रकम खर्च गर्दा नेपाल सरकार वा स्थानीय तहबाट वितरण हुने उस्तै प्रकृतिका भत्ता वा सेवा सुविधासँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२, नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानमार्फत् सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा आवधिक रुपमा प्राप्त हुने हुँदा तहाँ मन्त्रालय र मातहतका निकाय समेतको खर्चको विवरण मासिक रुपमा र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

४३. सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद र तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ एवम् कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ मा भएका व्यवस्थाको परिपालना गर्नु हुनेछ।

४४. जिन्सी व्यवस्थापनसम्बन्धी कार्य गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System; PAMS) को पूर्ण परिपालना गर्नु हुनेछ। हालसम्म पनि मुल्य नखुलेका जिन्सी मालसामानको यो मार्गदर्शन प्राप्त भएको मितिले एक महिनाभित्र मुल्य खुलाउनको लागि आवश्यक प्रक्रिया सुरु गर्नुहुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक अन्य कार्यालयका लागि थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर तथा फिक्चर्स खरिद गर्दा पुरानो तथा उपयोग विहीन सामग्रीको प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४५. आफू र मातहतका निकायमा जीर्ण अवस्थामा रहेका सवारी साधनहरू यो आर्थिक वर्षभित्र लिलाम गरी लगत कट्टा गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै अन्य प्रदेशमा दर्ता भई यस प्रदेशमा प्रयोगमा रहेका

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- ०१

सरकारी सवारी साधन अनिवार्य रुपमा यसै प्रदेशको यातायात व्यवस्था कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४६. कार्यालयका लागि सवारी साधन खरिद गर्दा मितव्ययिता र उपयोगिताको सिद्धान्तलाई आत्मसात गर्नु हुनेछ। चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व यस मन्त्रालयको पूर्व स्वीकृति लिई सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकामा भएका व्यवस्था अनुसार खरिद तथा उपयोग गर्नु हुनेछ।

४७. कार्यालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवा खरिद तथा आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउनु हुनेछ। नेपाल सरकार तथा प्रदेशले कार्यान्वयनमा ल्याएका सफ्टवेयर प्रणाली बाहेक अन्य कुनै प्रणाली तथा सफ्टवेयर खरिद गर्नु परेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिनु हुनेछ। यसरी खरिद हुने सफ्टवेयरको स्वामित्व (सोर्स कोड) खरिद गर्ने कार्यालयमा प्राप्त भएपश्चात मात्र अन्तिम विल भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

४८. प्रदेश सरकारका कुनै निकायले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवन उपयोग गर्न प्राथमिकता दिनुपर्नेछ। खाली भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख सडक/मार्गमा घर बहालमा नलिने र न्यूनतम् आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

४९. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभा हल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभा हल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५०. सरकारी कामका लागि चाहिने बोट बिरुवा, बिऊ बिजन, निर्माण सामग्री लगायत अन्य वस्तुहरु सम्भव भएसम्म प्रदेशभित्रकै उत्पादन वा उपलब्ध हुने वस्तुलाई प्राथमिकता दिई खरिद व्यवस्थापन गर्नु हुनेछ।

५१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार सरकारी निकायले स्वदेशी वस्तुहरूको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशतसम्म बढी भए पनि खरिद गर्नुपर्ने व्यवस्थाको पालना गराउनु हुनेछ।

(घ) <u>वित्तीय पारदर्शीता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्थाः</u>

५२. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका आयोजना वा कार्यक्रमको लेखा तथा प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदन लगायतका अन्य विवरण मासिक/त्रैमासिक रुपमा तयार गरी स्वतःप्रकाशन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५३. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का सम्झौता अङ्क,

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा सूचना पाटी (होर्डिङ्ग बोर्ड) राखि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५४. IPFMIS मा प्रतिबद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकाले खरिद सम्झौता बापतको रकम भुक्तानी निकासा गर्दा प्रतिबद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ। यस मन्त्रालयबाट बहुवर्षीय ठेक्काको रुपमा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति आदि विवरणहरू IPFMIS र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८२ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्टी गर्नु हुनेछ।

५५. सरकारी सम्पत्तीको संरक्षण, आयोजना तथा कार्यक्रमको कार्यान्वयन तथा सोको अनुगमन, बजेट समपर्ण, खर्च तथा सोको लेखाङ्कन, लेखापरीक्षण र प्रतिवेदन लगायत कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४८ मा उल्लेख गरिएको वित्तीय उत्तरदायित्व सम्बन्धि व्यवस्थाको पूर्ण परिपालना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समिक्षा गर्दा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम हुने गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या तथा तिनका कारणहरू र समाधानका उपायहरू उल्लेख गरी यस मन्त्रालयमा त्रैमासिक रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५७. आयोजना वा कार्यक्रम सञ्चालनमा आएका समस्या समाधानको लागि नियमित रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक आयोजना गर्नु हुनेछ। यस समितिमा छलफल भई समाधान हुन नसकेका समस्या प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) मा पठाई छलफल गर्ने व्यवस्था मिलाई यस समितिबाट निकास भए अनुसार गर्नु गराउनु हुनेछ।

५८. उपभोक्ता समिति/लाभग्राही समुहबाट सञ्चालन हुने विकास कार्यक्रम, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम र अनुदान/सहायता/प्रोत्साहन/साझेदारीबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनाको अन्तिम बिल भुक्तानी गर्दा कार्यसम्पादन/कार्य स्वीकार प्रतिवेदन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र प्राविधिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न राख्ने व्यवस्था मिलाउनु हुनेछ।

५९. तहाँ मन्त्रालय/निकाय वा मातहतका कार्यालयबाट प्रदेश सरकारको नीति अनुरूप प्रदान गरिने विभिन्न प्रकारका अनुदान, सहायता, प्रोत्साहन, सहुलियत लगायतका सुविधा प्राप्त गर्ने कार्यक्रम रहेमा यसका लाभग्राही (व्यक्ति, संस्था, समूह, फर्म, सहकारी आदि) को जिल्लागत विवरण समेत खुल्ने गरी सो सेवा सुविधा प्रदान गरिएको एकिकृत तथा वर्गीकृत अभिलेख राखी सोको विवरण आफ्नो वेवसाइटमा समेत प्रकाशित गर्नु हुनेछ। त्यस्ता अनुदान तथा सहायताको उपयोग उद्देश्य अनुरूप भए नभएको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै आन्तरिक तथा अन्तिम लेखापरीक्षणका बखत यस्ता सहायताको अनिवार्य परीक्षण गराउनु हुनेछ।

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- ०१

६०. अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा सञ्चालन हुने कार्यक्रममा कुनै निश्चित लाभग्राही मात्र लाभान्वित हुने गरी नाम वा सीमित स्थान किटान गरी बिना प्रतिस्पर्धा निश्चित व्यक्ति, संस्था वा समूहका लागि लक्षित गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। निर्णयकर्ता वा निर्णय प्रक्रियामा संलग्न पदाधिकारी वा निजको नजिकको नातेदारलाई मात्र प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सरकारी अनुदान वा सहायता वितरण गर्न पाइने छैन। स्वार्थको द्वन्द्व हुने अवस्था आएमा तालुक निकायमा जानकारी गराइ निकासा भए बमोजिम गर्नु हुनेछ। यस प्रकारको अनुदान वा सहायता दिँदा पटक-पटक एकै व्यक्ति समूह, सहकारी वा फर्मले पाउन नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

६१. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम, बहुवर्षीय स्रोत सहमती प्रदान गरिएका आयोजना र १० करोड भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरूको चौमासिक रूपमा यस मन्त्रालयमा समीक्षा गरिने भएकोले सोही बमोजिम प्रगति प्रतिवेदन तयार गरी उक्त समीक्षामा सक्रिय सहभागिता जनाउनु हुनेछ।

६२. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ को दफा ७ बमोजिम तहाँ मन्त्रालय वा निकाय अन्तर्गतको कार्यालयको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी सम्वत् २०८२ पौष १५ गतेभित्र एकिकृत मूल्याङ्कनको लागि यस मन्त्रालयमा प्रतिवेदन पेस गर्नुहुनेछ। मूल्याङ्कनबाट कायम भएको स्तरलाई आगामी आर्थिक वर्षको बजेट विनियोजनको आधारको रुपमा लिइनेछ।

६३. कर्णाली प्रदेश सरकारका सबै निकायहरूले आफ्नो आर्थिक कारोवारको अनिवार्य रुपमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरू तत्काल सम्परीक्षण गरी फर्स्यौटको ब्यवस्थाका लागि तदारुकता देखाउनु हुनेछ र लेखापरीक्षण प्रतिवेदनमा दिएका सुझाव अनुरुप आफ्ना कामकारवाहीहरूलाई परिमार्जन तथा सुधार गर्नु हुनेछ।

६४. खर्च शीर्षक नं. २६४१२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त चालु अनुदान र खर्च शीर्षक नं. २६४२२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त पुँजीगत अनुदानमा विनियोजित रकम प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु हुनेछ।

६५. तहाँ मन्त्रालय वा निकायबाट नेपाल सरकारका निकाय वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी प्रदान गरिएका आयोजना वा कार्यक्रमको लेखा राखि प्रचलित प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

६६. प्रदेश बेरूजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी आफू र मातहत निकायको बेरुजु फछ्यौंट कार्यलाई तदारुकता साथ सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। महालेखा परीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्यौंट गरी सम्परीक्षण गर्नु/गराउनु हुनेछ।

६७. कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग साउन मसान्तभित्र वार्षिक कार्यसम्पादन करार गर्नुहुनेछ। आयोजना/कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आबद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- 09

६८. आफू र मातहतमा राम्रो कार्यसम्पादन भएका कर्मचारीलाई उचित सम्मान र पुरस्कृत गर्नु हुनेछ। तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्नु हुनेछ।

६९. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका बोर्ड, प्राधिकरण, परिषद्, प्रतिष्ठान, सचिवालय, आयोग र समिति लगायत स्वायत्त प्रकृतिका निकायबाट प्रदेश सरकारमाथि आर्थिक व्ययभार पर्ने गरी कुनै कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

७०. बजेट वक्तव्यको बुँदा नम्बर २१५ मा चालु आर्थिक वर्षमा प्रदेश सरकारका निकायको लागि राजस्वको लक्ष्य निर्धारण गरी सङ्कलन गर्ने व्यवस्था अनुरुप तहाँ मन्त्रालय वा निकायको लागि तोकिएको राजस्व सङ्कलनको लक्ष्य प्राप्तिका लागि प्राथमिकता दिई सक्रिय रुपमा लाग्नु हुनेछ।

७१. आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेबसाइट moeap.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(रविलाल शर्मा)
प्रदेश सचिव

**श्री प्रदेश सचिवज्यू,**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रदेश लोक सेवा आयोग, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग, वीरेन्द्रनगर, सुर्खेत।
श्री कार्यालय प्रमुख, मुख्यन्यायधिवक्ताको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री प्रदेश लेखा इकाई कार्यालय (सबै), कर्णाली प्रदेश।

<u>सादर अवगतार्थ</u>

माननीय मुख्यमन्त्रीज्यू, कर्णाली प्रदेश सरकार
माननीय मन्त्रीज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालय
श्रीमान प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार